बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल

# प्रस्ताव आव्हानको सूचना

*दोस्रो पटक प्रकाशित मिति: २०७९/११/१९*

प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बिउँपुजी परिचालन कार्यविधि, २०७९ अन्तर्गत तपशिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९/१२/०३) सम्ममा तपशिलमा उल्लेखित कागजात सहित प्रदेश दुग्ध विकास बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल:**

| क.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | साझेदार संस्था | अधिकतम बीउपुजिको सीमा (प्रति ईकाई) |
|---|---|---|---|---|---|
| १ | साझेदारीमा आधुनिक र पुर्ण स्वचालित गाईपालन कार्यक्रम | संख्या | ३ | सहकारी संस्था/दर्तावाल निजी फर्म | परियोजनाको बढीमा २० प्रतिशत वा रु. ३० लाख सम्म |
| २ | सहकारी डेरी मार्ट स्थापना कार्यक्रम | संख्या | ५ | दुग्ध उत्पादक सहकारी संस्था/संघ | परियोजनाको बढीमा २० प्रतिशत वा रु. १० लाख सम्म |
| ३ | लागत साझेदारीमा Milk Tanker वितरण | वटा | ५ | निजी उद्यमी/सहकारी संस्था/सहकारी संघ | परियोजनाको बढीमा २० प्रतिशत वा रु. ३० लाख सम्म |
| ४ | कम्तिमा ५००० लि. दैनिक दुग्ध प्रशोधन गर्ने सहकारी संस्थाहरुलाई दुग्ध ढुवानीको लागि Refrigeration Van वितरण | संख्या | ९ | दुग्ध उत्पादक सहकारी संस्था/संघ | परियोजनाको बढीमा २० प्रतिशत वा रु. २० लाख सम्म |

**पेश गर्नुपर्ने कागजातहरु**

- ☐ रु १०।- को हुलाक टिकट टाँस गरेको अनुसूची-३ अनुसारको आवेदन,
- ☐ निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
- ☐ स्थायी लेखा नम्बर (PAN), करचुक्ता र सम्बन्धीत निकायमा दर्ता तथा नविकरण गरेको प्रमाणपत्र
- ☐ संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
- ☐ संस्थाको बैठकको निर्णयको प्रतिलिपि (सहकारीको हकमा),
- ☐ व्यवसायीक योजना,
- ☐ बैंक सुरक्षण (Bank Guarantee) गर्ने प्रतिवद्धता,
- ☐ स्थानीय तहको वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र,
- ☐ सम्बन्धीत मापदण्ड अनुसारको प्रतिवद्धता पत्र

**नोट:-** थप जानकारीको लागी प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१मा सम्पर्क राख्न हुन र वेभसाईट pddb.bagamati.gov.np बाट बिउँपुजी परिचालन कार्यविधि, २०७९ र सम्बन्धित मापदण्ड डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

CS Scanned with CamScanner